annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३४४, पृष्ठ ८ | काठमाडौं, बिहीबार १० वैशाख २०८३ | वैशाख शुक्लपक्ष षष्ठी, नेपाल संवत् ११४६ | THURSDAY, APRIL 23, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# कम्युनिस्ट एकताको बहसमा भुइँतहको संशय

नेपाली कम्युनिस्ट आन्दोलनको ७७ वर्षे इतिहास सैद्धान्तिक निष्ठाभन्दा बढी नेतृत्वको व्यक्तिगत अहंकार, पद-प्रतिष्ठा र टुटफुटको विरासतले भरिएको छ। २००६ सालको स्थापनादेखि नै नीतिगत विवाद र कार्यदिशाका नाममा सुरु भएको विभाजनको शृंखला आजसम्म आइपुग्दा झनै गन्जागोल बनेको छ। गत चुनावमा नराम्ररी पराजय भोगेका दुई मुख्य कम्युनिस्ट घटक एमाले र नेकपाबीच पुनः एकताको चर्चा सुरु भएपछि भुइँतहका कार्यकर्ता र युवा पुस्ता भने पुस्तान्तरणको पक्षमा खुल्न थालेका छन्।

**जे पाण्डे** | *नेपालगन्ज*

विस्तृत पृष्ठ २




# किन सधैं विवादमा परिरहन्छन् गृहमन्त्रीहरू ?

**दिनेश गौतम** | *काठमाडौं*

गृह मन्त्रालय अर्थात् मुलुकको आन्तरिक शान्ति-सुरक्षा, अमनचयन र कानुन कार्यान्वयनको मुख्य केन्द्र। राज्यको प्रतिष्ठा र शक्ति प्राप्त हुने यस मन्त्रालयको कमान्ड सम्हाल्ने गृहमन्त्रीहरू कि त कार्यकाल पूरा नहुँदै राजीनामा दिन बाध्य भइरहेका छन् कि त पछि गएर भ्रष्टाचारको अभियोगमा दण्डित हुनुपरिरहेको छ।

पछिल्लो तीन दशकयताका अधिकांश गृहमन्त्रीहरू कुनै न कुनै रूपमा विवादित बन्दै आएका छन्। पछिल्लो घटनाक्रमअनुसार गृहमन्त्री बनेको २७औं दिनमै सुधन गुरुङले पदबाट राजीनामा दिनुपरेको छ। झन्डै आधादर्जन पूर्वगृहमन्त्री भ्रष्टाचार वा पदको दुरुपयोग गरेको गम्भीर आरोपमा अहिले पनि अनुसन्धानको राडारमा रहेका देखिन्छन्।

यो केवल एउटा संयोग मात्र हो कि हाम्रो प्रवृत्तिगत तथा संरचनागत समस्या ? यही प्रश्न सोध्दा निवर्तमान गृहमन्त्री ओमप्रकाश अर्याल भन्छन्, 'गृह मन्त्रालयमा बसेर केवल शक्तिको अभ्यास (पावर एक्सरसाइज) गर्न खोजियो भने दुर्घटना निम्तिन सक्छ। जब मन्त्रीले आफूलाई शासकको रूपमा स्थापित गर्न खोज्छन् तब समस्या सुरु हुन्छ। यदि, सहजकर्ताको भूमिकामा रहेर काम गर्ने हो भने सबै प्रक्रिया ठीकठाक ढंगले अघि बढ्न सक्छ।'

### विवादित गृहमन्त्रीहरू र अभियोग

| गृहमन्त्री | अभियोग / विवाद | अनुसन्धानको अवस्था |
|---|---|---|
| सुधन गुरुङ | हदबन्दीभन्दा बढी सम्पत्ति, विवादास्पद व्यवसायीसँग साझेदारी र अपारदर्शी एवं अपरिपक्व क्रियाकलाप | अनुसन्धान भइरहेको |
| रमेश लेखक | २०८२ भदौ २३ को 'जेन जी' आन्दोलनमा दमन र भिजिट भिसा प्रकरण | अनुसन्धान भइरहेको |
| रवि लामिछाने | सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराध | मुद्दा विचाराधीन |
| बालकृष्ण खाँण | ठगी, कीर्ते र राज्यविरुद्धको अपराध (नक्कली भुटानी शरणार्थी प्रकरण) | ३० लाख धरौटीमा रिहा |
| विजयकुमार गच्छदार | ललिता निवास जग्गा प्रकरण | भ्रष्टाचार मुद्दा विचाराधीन |
| कृष्णबहादुर महरा | भेपमार्फत भएको सुन तस्करीमा संलग्नता | भ्रष्टाचार मुद्दा विचाराधीन |
| गोविन्दराज जोशी | पदको दुरुपयोग र अकुत सम्पत्ति आर्जन | भ्रष्टाचारमा दोषी ठहर |
| खुमबहादुर खड्का | पदको दुरुपयोग र अकुत सम्पत्ति आर्जन | भ्रष्टाचारमा दोषी ठहर |

**विवादको निरन्तरता : संयोग कि प्रवृत्ति ?**

गत २०८२ चैत १३ गते गृह मन्त्रालयको जिम्मेवारी सम्हालेका सुधन गुरुङ मन्त्री बनेको २७ औं दिनमा राजीनामा दिन विवश भएका छन्। विभिन्न विषयमा विवादित बनेपछि उनलाई प्रधानमन्त्री बालेन्द्र शाह र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेले पद त्याग गर्न निर्देशन दिएका थिए। सोही निर्देशनबमोजिम उनले बुधबार प्रधानमन्त्री शाहलाई भेटेर आफ्नो राजीनामा बुझाए। विगत तीन दशकयताका विवादित गृहमन्त्रीहरूमध्ये गुरुङ सबैभन्दा कम उमेरका हुन्। २०८२ भदौ २३ गतेको 'जेन-जी' आन्दोलनपछि मात्र उनी राजनीतिक एवं सार्वजनिक वृत्तमा विशेष रूपमा चिनिएका थिए। त्यसअघि उनी 'हामी नेपाल' नामक संस्थाको अध्यक्षका रूपमा कार्यरत थिए। प्रतिनिधिसभा सदस्य निर्वाचनमा गोरखा क्षेत्र नम्बर १ बाट निर्वाचित भएपछि उनका लागि गृहमन्त्री बन्ने ढोका खुलेको थियो।

» बाँकी पृष्ठ ६

# दबाबपछि गृहमन्त्रीको राजीनामा



**काठमाडौं** (अन्नपूर्ण) : गत चैत १३ गते गृहमन्त्रीको जिम्मेवारी सम्हालेका सुधन गुरुङले बुधबार आफ्नो पदबाट राजीनामा दिएका छन्। पछिल्लो समय जग्गा र सेयर बजारमा देखिएको लगानीमाथि गम्भीर प्रश्नहरू उठेपछि उनले पद त्याग गरेका हुन्। गृह प्रशासन सम्हालेको छोटो अवधिमै राजीनामाका पछाडि गम्भीर आर्थिक आरोप मुख्य कारण देखिएको छ। विशेष गरी आर्थिक र नैतिक प्रश्नहरू नै गृहमन्त्री गुरुङको बहिर्गमनका प्रमुख आधार बनेका छन्।

पदमा रहँदा स्वार्थको द्वन्द्व नदेखियोस् र निष्पक्ष छानबिनका लागि मार्ग प्रशस्त होस् भन्ने उद्देश्यले राजीनामा दिएको गुरुङले बताएका छन्। 'मेरो लागि पदभन्दा ठूलो कुरा नैतिकता हो र जनविश्वासभन्दा ठूलो शक्ति कुनै हुँदैन,' गुरुङले राजीनामा दिँदै भनेका छन्, 'सार्वजनिक जीवन स्वच्छ र नेतृत्व उत्तरदायी हुनुपर्छ भन्ने सन्देश आजको पुस्ताले स्पष्ट रूपमा दिएको छ।'

गुरुङको लगानीका विषयमा सञ्चारमाध्यममा प्रश्न उठेपछि उनलाई पदबाट राजीनामा दिन दबाब बढेको थियो। उनले आफूमाथि लागेका आरोपहरूको विषयमा सामाजिक सञ्जालमार्फत स्पष्टीकरण दिँदै आएका थिए।

गुरुङकै विषयलाई लिएर पार्टी सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन्द्र शाहबीच झन्डै ४ घण्टा लामो छलफलसमेत भएको थियो। प्रधानमन्त्रीले यस विषयमा उनीसँग लिखित स्पष्टीकरणसमेत माग गरेका थिए।

# ५० वर्षमा पृथ्वीमा जे भयो...

पृथ्वी दिवस

**नितु घले** | *काठमाडौं*

५० वर्षको अवधिलाई मूल्यांकन गर्ने हो भने मानवीय क्रियाकलाप र जलवायु परिवर्तनका कारण पृथ्वीमा निकै ठूलो परिवर्तन भइसकेको छ। संसारका अन्य स्थानको तुलनामा नेपालको तापक्रम बढ्ने दर उच्च रहेको वैज्ञानिक तथ्यहरू छन्। यसमा नेपालको भौगोलिक विविधताले पनि ठूलो भूमिका खेलेको बताइन्छ। विशेषगरी नेपालको तराईमा भन्दा उच्च भू-भागहरूमा तापक्रम बढ्ने क्रम द्रुत रहेको छ। विश्वको औसत तापक्रम बढ्ने दर प्रतिवर्ष ४०.०२४ डिग्री सेल्सियस छ। तर, नेपालको तापक्रम औसतमा ४०.०४४ देखि ४०.०६४ डिग्री सेल्सियससम्म बढिरहेको छ।

नेपालमा विशेषगरी जाडोयाम पहिलेको तुलनामा छोटो भएको छ। पहाडी तथा हिमाली भेगमा तुसारो र हिमपात कम हुन थालेको छ। प्रि-मनसुनको समयमा पनि खडेरी र तापक्रम वृद्धिका कारण डढेलोका घटनाहरू बढेका छन्। यसले वायु प्रदूषणको उच्च जोखिम निम्त्याइरहेको छ। मनसुनको प्रकृतिमा पनि फेरबदल आएको छ। मनसुनको पूर्वानुमान गर्न कठिन हुँदै गएको मौसमविद्हरू बताउँछन्।

हिजोआज या त कम वर्षा हुन्छ, या त अत्यधिक भारी वर्षा हुने प्रवृत्ति बढेको छ। यसले अपत्यारिला विनाशहरू निम्त्याउनुका साथै हजारौंको ज्यान लिइरहेको छ। बेमौसमी वर्षा र बाढी-पहिरोको समस्या दिनानुदिन बढ्दो छ।

गत महिना इसिमोडले सार्वजनिक गरेको प्रतिवेदनअनुसार नेपालमा २७ मिटर बाक्लो हिउँ हराइसकेको तथ्य बाहिर आएको छ। यसले आगामी दिनमा जलसंकट तथा खाद्य सुरक्षामा गम्भीर असर पार्ने वैज्ञानिकहरूको चेतावनी छ। त्यसैगरी, प्रत्येक वर्ष हिमतालहरू ३० देखि ६० मिटरसम्म खुम्चिरहेका छन्। तापक्रम वृद्धिकै कारण तीन हजारभन्दा बढी हिमतालहरू जोखिममा परेका छन्। इम्जा र छोरोल्पा जस्ता तालहरू कुनै पनि बेला विस्फोट हुन सक्ने आकलन वैज्ञानिकहरूले गरेका छन्।

पृथ्वीको क्षयीकरण अहिले एउटा गम्भीर समस्या बनेको छ। प्राकृतिक सन्तुलन बिग्रिँदै गएपछि विभिन्न खालका विपत्तिहरूको सामना गर्नु परिरहेको छ। वनजंगल मासिएका कारण बाढी-पहिरोको जोखिम बढेको छ भने उर्वर भूमि बिस्तारै मरुभूमीकरण हुन थालेको छ। माटोको उर्वराशक्ति बिगार्ने गरी रासायनिक मलको अत्यधिक प्रयोग भइरहेको छ। वन्यजन्तु र वनस्पतिहरू लोप हुँदै गएका छन्।

» बाँकी पृष्ठ ६

# 'गोक्यो घोषणापत्र' जारी गर्दै जलवायु सम्मेलन सकियो




**अन्नपूर्ण** | *गोक्यो (सोलुखुम्बु)*

जलवायु न्यायका लागि हिमाली र पर्वतीय राष्ट्रहरूको नेतृत्व नेपालले गर्नुपर्ने लगायतका ९ बुँदे 'गोक्यो घोषणापत्र' जारी गर्दै खुम्बु क्षेत्रमा जलवायु सम्मेलन सकिएको छ। विश्व पृथ्वी दिवसका अवसरमा बुधबार गोक्योमा आयोजित सम्मेलनले घोषणापत्र जारी गरेको हो। घोषणापत्रमा जलवायु कूटनीतिलाई सुदृढीकरण गर्न र अन्तर्राष्ट्रिय मञ्चहरूमा हिमाली मुद्दाहरूलाई प्राथमिकताका साथ उठाउनुपर्ने विषय उल्लेख छ। सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका र जलवायु न्याय तथा पर्यटन विकासमा सक्रिय संस्था 'साथसाथै' ले संयुक्त रूपमा आयोजना गरेको गोक्यो जलवायु सम्मेलनपछि घोषणापत्र सार्वजनिक गरिएको हो। विषयगत विज्ञसहित काठमाडौंदेखि लुक्ला, नाम्चे, खुम्जुङ र माचेर्मो हुँदै टोली गोक्यो पुगेको थियो। प्रतिनिधिसभाका पूर्वउपसभामुख तथा सांसद इन्दिरा राणामगरले घोषणापत्र वाचन गर्दै नागरिक तहबाट जलवायु न्यायका लागि सरकारलाई झकझक्याउने काम गरेकोमा आयोजकप्रति खुसी प्रकट गरिन्।

'जलवायु परिवर्तनले ल्याएका समस्याहरू थेग्न सरकार एक्लैले सक्दैन, त्यसैले यसरी प्रभावित क्षेत्रमै पुगेर नागरिकसँग हातेमालो गर्नुपर्छ,' उनले भनिन्, 'सरकार र संसद्ले पनि यो घोषणापत्रमा उल्लेख गरिएका सुझावहरूलाई गम्भीरतापूर्वक सुन्नुपर्छ।'

अन्तरक्रियामा सहभागी हुन गोक्यो क्षेत्र पुग्नुभएका हिमनदी विज्ञ अरुणभक्त श्रेष्ठले हिमताल फुट्ने जोखिमको खतरालाई सम्बोधन गर्न सम्मेलन निकै महत्त्वपूर्ण रहेको बताए।

» बाँकी पृष्ठ ६